स्थापित: २६/१०/२०७५

जिल्ला द.नं. ५४७/०७२/०७३
स.क.प.: ४३०७६

"पीडित मानव सेवाको पावन तीर्थ"

# आफ्नो घर आश्रम नेपाल

सेवा नै जीवन हो


डोलेश्वर महादेव


डोलेश्वरधाम सूर्यविनायक, नगरपालिका-८, भक्तपुर

फोन: ०१-५१५७०७७, ९८०२०३०७७७, ९८०२०३०८८८, ९८५१०६४५२१

इमेल: aaphnogharashram@gmail.com



## करुणामयी विन्ती

कुनै पनि प्रभूस्वरुप असहाय जो आफ्नो नाम, ठेगाना भन्न असक्षम छ, जो पीडाको वेदनामा तड्पिरहेका छन, उनै प्रभुस्वरुपलाई "आफ्नो घर आश्रम" मा पुऱ्याई दिन हुन अनुरोध गर्दछौं ।

# आफ्नो घर आश्रम नेपाल
## संक्षिप्त चिनारी

आफ्नो घर आश्रम एक सेवा सदन हो, जहाँ सेवालाई पूजा तथा मानव सेवालाई माधव सेवा मानिन्छ। सेवालाई उपकार होइन दायित्व मानिन्छ। आफ्नो घर परिवार आश्रयहीन, असहाय प्रभुस्वरुप पीडितहरुलाई अपनाउँदछ, जो जीवनको अन्तिम समयमा सार्वजनिक, धार्मिक स्थल तथा सडकमा वेदना तथा कष्ठ भोगिरहेका छन्। सेवा तथा संसाधनको अभावमा लाचार तथा नर्क भन्दा गाह्रो जीवन जिउन बाध्य छन्। यस्ता दीन-जन जोसंग पीडाको समय औषधी, भोकको लागि भोजन, शरिरको लागि कपडा त कहाँ हो कहाँ, जीवनको अन्तिम समयमा पानीसम्म पनि पाउँदैन। चोट अथवा रोग, उपचारको अभावमा गम्भीर रुप लिन सक्छ। यस्ता घाउमा उपचारको अभावमा कीरा पर्ने तथा मृत्यु पनि कष्टदायक हुन्छ कि आम मानिसले हेर्न पनि सक्दैनन्। यस्ता अन्जान, असहाय, पीडितहरुलाई आफ्नो घर आश्रमद्वारा अपनाइन्छ।

जीवनयापनका लागि सबै मूल आवश्यकताहरु पनि उपलब्ध गराइन्छ। आफ्नो घर आश्रममद्वारा नि:शुल्क आश्रय, चिकित्सा, भोजन, कपडा, शिक्षा, सुरक्षाको साथै आफ्नोपन, स्नेह तथा ममतामयी सेवाहरु पनि उपलब्ध गराउँदछ। (डा. बी.एम. भारद्वाजज्यू र उहाँकी धर्मपत्नी श्रीमती डा. माधुरी भारद्वाजज्यूद्वारा सन् २००० जुन २९ मा आफ्नो घर आश्रम भरतपुर (राजस्थान) को विधिवत स्थापना गरी सेवा सञ्चालन गरेको यस संस्थाद्वारा वर्तमानमा भारतमा कूल ६५ वटा आश्रम सञ्चालित छ भने, जसमा आफ्नो आश्रम भरतपुर (राजस्थान सेवा तथा विशिष्टताको दृष्टिले भारतकै सबैभन्दा ठूलो केन्द्र रहेको हो।)



डा.बी.एम. भारद्वाज ज्यूद्वारा पशुपति आर्यघाटबाट बच्चाको उद्धार



आफ्नो घर आश्रममा महिला आश्रमको सुरुवात



आफ्नो घर आश्रमको पहिलो तल्लाको शिलान्यास



आफ्नो घर आश्रमको दोस्रो तल्लाको शिलान्यास

नेपालमा वि.सं. २०७२ बैशाख १२ गते विनाशकारी भूकम्पको समयमा राहत सामग्री वितरणको लागि नेपाल आउनुभएका **डा. बी.एम. भारद्वाजज्यू र श्री सांवरमल गोयलज्यू तथा उहाँको टिमले** पशुपति आर्यघाटबाट एकजना १२ वर्षको बच्चाको उद्धार गरी अपना घर आश्रममको अवधारणा अनुसार नेपालमा पनि सेवा सञ्चालन गर्ने अठोट गरी **आफ्नो घर आश्रम** नेपाल नामक संस्थाको गठन गर्नु भए पश्चात संस्थाबाट सेवा कार्य सुचारु रुपमा सञ्चालन गर्न भवन निर्माणको लागि जग्गा खोज्ने क्रममा डोलेश्वर मन्दिर व्यवस्थापन समितिको सहकार्यमा भक्तपुर सूर्यविनायक न.पा. वडा नं. ८, डोलेश्वरधाममा जग्गा खरिद एव. भवन निर्माण कार्य सम्पन्न गरी २०७५ माघ २६ गतेबाट विधिवत रुपमा सेवा शुभारम्भ गरेको हो । ३५ बेड क्षमताबाट आश्रमको सुरुवात गरेकोमा हाल २०० वटा बेड पुर्‍याइएको छ । हाल नेपालका विभिन्न जिल्लाहरुबाट ६८२ जना प्रभूजीहरुलाई आश्रममा प्रवेश गराएका छौं । ती मध्ये ४२९ जना प्रभूजीहरु उपचार र सेवापछि परिवारसँग सम्पर्क गरी परिवार मिलन समेत गराइसकेका छौं । ८१ जना प्रभूजीहरु ब्रमलिन हुनुभयो र हाल १७२ जना प्रभूजीहरु सेवा लिई राख्नु भएको छ ।

## आफ्नो घर आश्रम नेपालको नवनिर्मित भवन




## पीडित मानव सेवामा थप सेवा विस्तार

अपनों घर आश्रम, नेपालले महिला प्रभूजीहरूका लागि समर्पित छुट्टै महिला आश्रमको सुरुवात २०८२ साल बैशाख २५ गतेदेखि गरेको छ। यो पहल पिडित, असहाय तथा बेवारिसे महिलाहरूलाई सुरक्षित आवास, आत्म-सम्मान र मानविय सेवाको सुनिश्चिततासहित पुन:स्थापनाको दिशामा गरिएको महत्वपूर्ण कदम हो ।



आश्रममा प्रभूजीहरुलाई खाना खुवाउँदै

प्रभू ने जो हमें दिया है, वह सिर्फ हमारा है यह सोंच हमारी बहुत बडी भूल है, दरअसल सडको पर लावारिस अवस्था में पडे दीन-दु:खी, असहाय अपना ध्यान स्वयं नहीं र सकते, इसलिए प्रभूने हमें इतना सामर्थ्यवान बनाया है ताकि हम उन लावारिस दीन-दु:खियों का ख्याल रख सकें और हम प्रभूद्वारा दी गयी शक्तियों एवं सामर्थ्य का उचित रुप से उपयोग कर रहे हैं या नहीं यह जानने के लिए प्रभू इन दीन-दु:खियों के रुप मे हमारी परीक्षा लेने के लिए आते हैं, अतः इन प्रभूस्वरुप दीन-दु:खियो को सडक पर लावारिस देखकर मुहं न मोडें ।

**-डा. बी.एम. भारद्वाज**

# सेवापेक्षीहरूको पूर्तिका लागि लेखिन्छ : श्री कृष्ण भगवान, ठाकुरजीलाई पत्र



ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि
धियो योनः प्रचोदयात्

ठाकुर जीको आफ्नो घरको आवश्यकताहरूको चिट्ठी

## मासिक खपत हुने सामग्रीहरू

| क्र.सं. | वस्तुको विवरण | परिमाण | अनुमानित रकम |
|---|---|---|---|
| १ | जीरा मसिनो चामल | | |
| २ | चिनी | | |
| ३ | दाल/गेडागुडी | | |
| ४ | आटा | | |
| ५ | सन फ्लावर तेल | | |
| ६ | तोरीको तेल | | |
| ७ | चियापत्ती | | |
| ८ | सर्फ | | |
| ९ | शेम्पू | | |
| १० | तुथपेष्ट | | |
| ११ | दलिया | | |
| १२ | | | |
| १३ | | | |

नोट:

## भवनको ३ तल्लासम्मको विभिन्न सेवा संकल्प, जसमा तपाईं पनि सहभागी हुन सक्नु हुनेछ :-

**बिहानको नास्ता**:- रू. २,५००/- प्रति तल्ला

**बिहानको खाना**:- रू. ३,५००/- प्रति तल्ला

**दिउँसोको खाजा**:- रू. २,५००/- प्रति तल्ला

**रातिको खाना**:- रू. ३,५००/- प्रति तल्ला

**एक दिनको सम्पूर्ण खाना**:- रू. १२,000/- प्रति तल्ला

**वार्षिक सहयोग**:- रू. ३७,२००/- रू. ३,१००/- प्रति महिना

**चिकित्सा सेवा**:- रू. ३0,000/- प्रति महिना

**फिजियोथेरापी सेवा**: रू. १0,000/- प्रति महिना

## AAPHNO GHAR AASHRAM NEPAL

Global IME Bank, Newroad AC# 17401010000572 Swift: GLBBNPKA

आफ्नो घर आश्रममा जे जति पनि दैनिक आवश्यकताका सामग्रीहरु सुई, एम्बुलेन्स, राशन सामग्रीहरुको आवश्यकता पर्दछ, त्यसको चिट्ठी प्रतिदिन आश्रमको निर्धारित बोर्डमा ठाकुरज्यूलाई लेखिन्छ। यसलाई पूरा गर्नको लागि ठाकुरजी विभिन्न मानव स्वरुपमा आउनु हुन्छ, यो सिलसिला निर्वाध रुपबाट संस्थाको स्थापनाकालदेखि आजसम्म जारी रहेको छ।

"बेसहारा बिमार प्रभूस्वरुपको सेवा नै हाम्रो पूजा एवं आराधना हो"



